आज मिति २०७३।१०।२५ गते मेचीनगर नगरपालिका को बोर्ड बैठक नगरप्रमुख एवं कार्यकारी अधिकृत श्री पशुपति खतिवडा ज्यु को अध्यक्षतामा बसी निम्न अनुसार निर्णय गरीयो ।

उपस्थिति

नगरप्रमुख एवं कार्यकारी अधिकृत : श्री पशुपति खतिवडा

आमन्त्रित

सामुदायीक बिकास अधिकृत : श्री अनन्त प्रकाश वस्ती

लेखा अधिकृत : श्री राजन कुमार भेटवाल

ईन्जिनियर : श्री कमल प्रसाद कोईराला

खाद्यय अधिकृत : श्री दिपेन्द्र कार्की

ईन्जिनियर : श्री ईन्द्र बहादुर थापा

नायब सुब्बा : श्री प्रेम प्रसाद प्राजुली

निर्णय नं. १

यस मेचीनगर नगरपालिका कार्यालयबाट मिति :२०७३।०९।०८ गते जनसंशद दैनिकमा प्रकाशित प्यारीभिटा वसपार्क,ग्यारेज निर्माण कार्यको सुचना तथा मिति २०७३।०९।१५ गते लोकतनत्र पोस्टमा प्रकाशित शोर्यसडकबत्ति जडान गर्ने कार्यको सुचना अनुसार बोलपत्र दाता हरुले आर्थिक र प्राबिधिक प्रस्ताब एउटै खाममा खामबन्दी गरी पेश गरेको तर मिति २०७३।९।०४ गते सार्वजनिक खरिद नियमावली संशोधन भै सार्वजनिक खरिद नियमावली २०७३ को ३१(ङ) (१) र (२) अनुसार दुई करोड रुपैया भन्दा बडीको बोलपत्र दाखिला गर्दा प्राबिधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखि शिलबन्दीगरी प्रत्येक खामको बाहिर कुन प्रस्ताव हो प्रस्ट रुपमा उल्लेख गरी पेश गर्नु पर्ने भनि संशोधन भएको हुँदा मिति २०७३।१०।२४ गतेको मेचीनगर नगरपालिका कार्यालयको बोलपत्र मुयांकन समितिको निर्णय शिफारिस समेतका आधारमा सोहि शंसोधित सार्वजनिक खरिद नियमावली २०७३ अनुसार प्रकिया अगाडि बडाउनुपर्ने भएको हुदा उक्त प्यारिभिटा वसपार्क कन्कट्रकसन,ग्यारेज निर्माण कार्यको बोलपत्र र शौर्य सडकबत्ति जडान गर्ने कार्य सम्बन्धि बोलपत्र हरु रद्ध गर्ने निर्णय गरीयो ।